# आमचोक राजपत्र

**आमचोक सरकारद्‌वारा प्रकाशित**

**खण्ड २ संख्या ४, मिति २९ असाढ २०७५**

**भाग १**

**आमचोक गाउँपालिका**

"आमचोक गाउँपालिकाको आर्थिक ऐन, २०७५"

सभाबाट स्वीकृत मितिः २०७५/०४/२१

**प्रस्तावनाः** आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (2) बमोजिम **आमचोक** गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(2) यो ऐन २०७५ साल श्रावण 1 गतेदेखि **आमचोक** गाउँ क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर**: गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पति कर पछि विस्तृत अध्ययन गरी लगाइने5 ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि (3**) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**:गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (9) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (11) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 12 मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्क**:गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट**:यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

एकिकृत सम्पत्ति करका दर

एकिकृत सम्पत्ति कर विस्तृत अध्ययन गरी लगाइनेछ ।

# अनुसूचि-२

(दफा ३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

भूमि कर (मालपोत)

| क्र. सं. | | खेत तर्फ | | | | पाखो तर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गाको किसिम | अव्बल | दोयम | सिम | चहार | अव्बल | दोयम | सिम | चहार |
| २ | प्रति रोपनि लाग्ने कर | २० | १८ | १६ | १४ | १५ | १४ | १३ | १२ |

**न्यूनतम ५ रोपनीसम्मको रु ५० लाग्नेछ।**

**नोट: कर रकम समयमा नबुझाइ कर रकम बक्यौता रहेमा अर्को बर्ष २५%, त्यसको अर्को वर्ष १० % थप र त्यसपछिका प्रत्येक वर्ष थप ५% जरिवाना लाग्नेछ र अधिकतम १००% जरिवाना लाग्नेछ।**

अनुसूचि-३
(दफा ४ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
घर वहाल कर

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर वा पोखरी पुरै वा आंशिक रुपले वहालमा दिएकोमा गउँपालिकालाई वहाल वा जग्गा कर १०% कर लाग्ने ।

अनुसूचि-४
(दफा ५ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
**व्यवसाय कर**

| | | | |
|---|---|---|---|
| १ | मदिरा पसल | | १५००.०० |
| २ | चुरोट बिडी सुर्ती जन्य | | १०००.०० |
| ३ | हल्का पेय पदार्थ | | १०००.०० |
| ४ | सुनचाँदी पसल | | १०००.०० |
| ५ | औषधी पसल | | १०००.०० |
| ६ | माछामासु बिक्री पसल | | १०००.०० |
| ७ | आयुर्वेदिक औषधी पसल | | १०००.०० |
| ८ | एग्रोभेट पसल | | १०००.०० |

| | | | |
|---|---|---|---|
| ९ | स्टेशनरी तथा पुस्तक पसल | | १०००.०० |
| १० | छपाइ तथा प्रकाशन | | ३०००.०० |
| ११ | कस्मेटिक पसल | | १०००.०० |
| १२ | मोटर पार्ट्स | | १०००.०० |
| १३ | प्लाइ तथा ग्लास | | १०००.०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | | १०००.०० |
| १५ | धागो टाक पसल | | ५००.०० |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | | १०००.०० |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | | १५००.०० |
| १८ | पेट्रोलियम पदार्थ | | १५००.०० |
| १९ | स्टिल आलमुनियम पसल | | १०००.०० |
| २० | फर्निचर | | १०००.०० |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २०००.०० |
| २२ | कपडा सिलाइ कटाइ | | १०००.०० |
| २३ | स्नुकर तथा पुल हाउस | | १०००.०० |

| | | | |
|---|---|---|---|
| २४ | पशु आहार बिक्री केन्द्र | | १०००.०० |
| २५ | किराना पसल | | १०००.०० |
| २६ | फलफूल/तरकारी पसल | | ५००.०० |
| २७ | उपहार/ गिफ्ट/ खेलौना पसल | | १०००.०० |
| २८ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | | १०००.०० |
| २९ | माटाको भाँडा पसल | | १०००.०० |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | | २०००.०० |
| ३१ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००.०० |
| ३२ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १०००.०० |
| ३३ | खोटो व्यवसायी | | १०००.०० |
| ३४ | जग्गा व्यवसायी | | २०००.०० |
| ३५ | निर्माण व्यवसायी –-मेशिन व्यासायी) | | ५०००.०० |
| ३६ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १०००.०० |
| | **उत्पादनमूलक उद्योग** | | |
| ३७ | ग्रील उद्योग | | ३०००.०० |

| | | | |
|---|---|---|---|
| ३८ | जुत्ता उद्योग | | १०००.०० |
| ३९ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १०००.०० |
| ४० | कपडा तथा गार्मेन्ट उद्यँोग | | ५०००.०० |
| ४१ | सिरक डसना उद्योग पसल | | १५००.०० |
| ४२ | कुटानी पेलानी/ मिल | | १५००.०० |
| ४३ | मसला मिल | | १०००.०० |
| | नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ। | | |
| ४४ | डेरी उद्योग/ व्यवसाय | | ५००.०० |
| ४५ | उपभोग्य वस्तु उत्पादन उद्योग | | १०००.०० |
| ४६ | वनजन्य उद्योग | | २०००.०० |
| ४७ | क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | ५०००.०० |
| ४८ | ढाकाटोपी पस्मिना उद्योग | | १०००.०० |
| ४९ | सुर्तिजन्य उद्योग | | २०००.०० |
| | ;]jfd'ns | | |
| ५० | टेन्ट हाउस | | २०००.०० |

| | | | |
|---|---|---|---|
| ५१ | होटल लज रेष्टुरेन्ट | | १५००.०० |
| ५२ | सञ्चार | | १०००.०० |
| ५३ | वित्तीय | | १०००.०० |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | | १०००.०० |
| ५५ | शिक्षा सेवा निजी | | २०००.०० |
| ५६ | मर्मत सम्भार | | १०००.०० |
| ५७ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १०००.०० |
| ५८ | फूल विरुवा पसल | | ५००.०० |
| ५९ | गैर सरकारी संस्थाहरु | | १०००.०० |
| ६० | **मेशीन कर (ठूलो मेशीन)** | | २५,०००।०० |
| ६१ | **मेशीन कर (सानो मेशीन)** | | १५,०००।०० |
| ६२ | **प्रोजेक्टर भाडा -(प्रति दिन)** | | १,०००।०० |
| | | | |

द्रष्टव्य प्रदेश कानून बनेपछि सोही बमोजिम हुने ।

अनुसूचि-५
(दफा ६ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| | | |
|---|---|---|
| १ | जडीबुटी जिवजन्तुकर | जडीबुटी जिवजन्तुकर विस्तृत अध्ययन गरी लगाइनेछ । |

अनुसूचि-६
(दफा ७ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
**सवारी साधन कर**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | बस ट्रक लरी र हेभी गाडी | ३०००।०० | | |
| | | भाडाका कार जिप | ५००।०० | | |
| | | निजी कार, जीप, मयुरी | ५००।०० | | |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | १००।०० | | |
| २ | पटके सवारी कर | जीप | ५०।०० | | |
| | | ट्र्याक्टर | ३००।०० | | |
| | | | | | |

अनुसूचि-७

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**विज्ञापन कर**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | ५००.०० | | |

अनुसूचि-८

(दफा ९ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**मनोरन्जन कर**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | टिकटको ५% | | |
| | | जादु सर्कस चटक आदिमा | प्रतिदिन 300 | | |

अनुसूचि-९
(दफा १० संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**बहाल बिटौरी शुल्क**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बहाल बिटौरी कर(हाटबजार कर) | किराना पसल ÷तरकारी पसल | २०।०० | | |
| | | लुगा पसल÷चप्पल पसल | ३०।०० | | |
| | | मासु पसल | ५०।०० | | |
| | | | | | |

अनुसूचि-१०
(दफा ११ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**पार्किङ शुल्क**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पार्किङ्ग शुल्क: प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०.०० | | |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | १०.०० | | |
| | | नोट पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने। | | | |

अनुसूचि-११
(दफा १२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क**

आमचोक गा.पा ले आवश्यक अध्ययन गरी कर लगाउनेछ ।

अनुसूचि-१२
(दफा १३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
**सेवा शुल्क, दस्तुर**

सिफारीश र प्रमाणित

| | **विवरण** | **विस्तृत विवरण** | **दर** | |
|---|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारीस | ० देखि १० रोपनी सम्म | २५०.०० | |
| | | १० देखि ३० रोपनीसम्म | ३५०.०० | |
| | | ३० रोपनीभन्दा माथि | ५००.०० | |
| | उदाहरण: ठीक १० रोपनी जग्गा छ भने दस्तुर रु. ३५० लाग्नेछ । | | | |
| २ | मोही लगत कट्टा सिफारीस | | २५०.०० | |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | १.५० | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | १.०० | |
| ४ | सरजमिन सिफारीस दस्तुर | कार्यालयमा | ५००.०० | |
| | | स्थलगत | १०००.०० | |
| ५ | छात्रवृति सिफारीस | | २५०.०० | |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति | | निशुल्क | |

| | | | | |
|---|---|---|---|---|
| | सिफारीस | | | |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | |
| ८ | अस्थाइ बसोबास सिफारीस | | २५०.०० | |
| ९ | स्थायी बसोबास सिफारीस | | २५०.०० | |
| १० | नागरिकता सिफारीस | वंशज | २५०.०० | |
| | | अंगिकृत | १०००.०० | |
| ११ | विद्युत जडान सिफारीस | | २५०.०० | |
| १२ | धारा जडान सिफारीस | | २५०.०० | |
| १३ | जीवित रहेको सिफारीस | | २५०.०० | |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | २५०.०० | |
| १५ | व्यवसाय बन्द सिफारीस | | २५०.०० | |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | २५०.०० | |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | २५०.०० | |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | |

| | | | | |
|---|---|---|---|---|
| १९ | नाबालक परिचयपत्र सिफारीस | | २५०.०० | |
| २० | चौपाया सम्बन्धी सिफारीस | | २५०.०० | |
| २१ | व्यवसाय दर्ता सिफारीस | | १०००.०० | |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | १०००.०० | |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | १०००.०० | |
| २४ | उधोग दर्ता सिफारिस | | १०००.०० | |
| २५ | आन्तरिक बसाइसराइ सिफारीस | | ५००.०० | |
| २६ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १०००.०० | |
| २७ | व्यक्तिगत विवरण सिफारिस | | २५०.०० | |
| २८ | जग्गा दर्ता सिफारीस | | २५०.०० | |
| २९ | संरक्षक सिफारीस व्यक्तिगत | | २५०.०० | |
| ३० | संरक्षक सिफारीस संस्थागत | | ५००.०० | |
| ३१ | नेपालसरकारको नाममा बाटो कायम सिफारीस | | ५००.०० | |
| ३२ | कोठा खोल्न कार्य | | २५०.०० | |

| | | | | |
|---|---|---|---|---|
| | रोहबरमा बस्ने सिफारीस | | | |
| ३३ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क | |
| | | सशुल्क उपचारको लागि | २५०.०० | |
| ३४ | संस्था दर्ता सिफारीस | | १०००.०० | |
| ३५ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २५०.०० | |
| ३६ | जीवित सँगको नाता प्रमाणित | | २५०.०० | |
| ३७ | मृतकसँगको नाता प्रमाणित | | २५०.०० | |
| ३८ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००.०० | |
| ३९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | २५०.०० | |
| ४० | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | ०.१ . −न्युनतम २५०_ | |
| ४१ | चारकिल्ला प्रमाणित | | ३५०.०० | |
| ४२ | जन्ममिति प्रमाणित | | २५०.०० | |
| ४३ | घर बाटो प्रमाणित | बाटो भएको | ५००.०० | |
| | | बाटो नभएको | २५०.०० | |
| ४४ | विवाह प्रमाणित | | २५०.०० | |
| ४५ | घर पाताल प्रमाणित | | २५०.०० | |
| ४६ | कागज/ मञ्जुरिनामा | | २५०.०० | |

| | | | | |
|---|---|---|---|---|
| | प्रमाणित | | | |
| ४७ | हकवाला वा हकदार प्रमाणित | | २५०.०० | |
| ४८ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००.०० | |
| | | कच्ची | ५००.०० | |
| ४९ | अविवाहित प्रमाणित | | २५०.०० | |
| ५० | अपुताली सिफारिस | | २५०.०० | |
| ५१ | अन्य सिफारीस वा प्रमाणित | | २५०.०० | |
| ५२ | घर नक्सापास दस्तुर | पक्की घर | १५००.०० | |
| | | कच्ची घर | ५००.०० | |
| ५३ | नक्सा पास निवेदन फाराम दस्तुर | | २५०.०० | |
| ५४ | सरसफाइ शुल्क | मासिक | २५०.०० | |
| | | सरसफाइ कार्डको | २००.०० | |
| | नोट: सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ। | | | |
| ५५ | घर खाली गराउँदा प्रतिदिन | | ५००.०० | |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुन: लाग्नेछ। र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ। माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ। | | | | |
| | **दर्ता शुल्क** | | | |
| ५६ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २५०.०० | |
| ५७ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क | १००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | अन्यथा | | |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | | २०००.०० | |
| ५९ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५००.०० | |
| ६० | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५००.०० | |
| ६१ | व्यवसाय दर्ता | | १००.०० | |
| ६२ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००.०० | |
| ६३ | व्यवसाय नविकरण | | १००.०० | |
| | | | | |
| ६३ | व्यवसाय नविकरण | | १००.०० | |
| ६४ | कृषि समुह दर्ता | | ५००।०० | |
| ६५ | कृषि समुह नविकरण शुल्क | | ३००।०० | |

अनुसूचि-१३

(दफा १४ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**पर्यटनशुल्क**

आमचोक गा·पा· ले आवश्यक अध्ययन गरी पर्यटन शुल्क लगाउनेछ ।

आज्ञाले,

याम वहादुर उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत